नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
(स्थानीय प्रशासन तथा शान्ति सुरक्षा शाखा)

फोन नं. :०५३-५५०१३३
:०५३-५५०१६६
फ्याक्स :०५३-५५०००

बारा,
कलैया, नेपाल।

पत्र संख्याः-२०७९/८०
चलानी नं. 20353

मितिः- २०८०/०३/०८

विषयः- नागरिकता सिफारिस सम्बन्धमा ।

श्री उपमहानगर/नगर/गाउँ पालिका, (१६ वटै), बारा ।

प्रस्तुत विषयमा नेपाल नागरिकता(पहिलो संसोधन) ऐन, २०७९ लाई कार्यान्वयन गर्ने सन्दर्भमा प्रचलित कानून, नेपाल नागरिकता (पहिलो संशोधन) ऐन, २०७९, नेपाल नागरिकता नियमावली (संशोधन सहित) बमोजिम जन्मको आधारमा नागरिकता प्राप्त गरेकाहरुको सन्ततिको लागि तपसिल बमोजिमका कागजातहरु संलग्न राखी नागरिकता अनुसूची सिफारिस गरि पठाउने व्यवस्था मिलाउन सबै वडाहरुलाई परिपत्र वा जानकारी गरिदिनुहुन अनुरोध छ ।

तपसिल :-

१ वडा अध्यक्षको सिफारिस सहितको अनुसूचीः-१ फाराम,
२ बाबु र आमाको सक्कल नेपाली नागरिकता र सो को फोटोकपि (हजुर बुवाको समेत नागरिकता प्रतिलिपि उपलब्ध भएमा)
३ सक्कल जन्मदर्ता र सो को फोटोकपि,
४ स्थानीय तहबाट स्थायी बसोबास प्रमाणित/किटानी सिफारिस,
५ पारिवारिक विवरण(नेपालमा कहिले देखि बसोबास गरेको तथा हाल के पेशामा संलग्न रहेको खुलेको कागजात)
६ बाबु, आमा तथा नागरिकताका लागि आवेदन दिने सन्तान बीचको फोटो सहितको सक्कल नाता प्रमाणित,
७ जग्गाधनी प्रमाण पुर्जा (सन्तानको नामको/आमा/वुबा) वा व्यवसाय दर्ता प्रमाणपत्र, PAN कार्ड, बिजुली/खानेपानी/टेलीफोन लगायतको बिल, बाबु र आमाको मतदाता परिचय पत्रको प्रतिलिपि,
८ बसाई सराई गरि आएको हकमा सक्कल बसाईसराई दर्ता प्रमाण पत्र र सो को फोटोकपि,
९ शैक्षिक योग्यता प्रमाणपत्र (विदेशी मुलुकबाट अध्ययन गरेको भए नेपाल सरकारबाट मान्यता प्राप्त निकायबाट व्यक्तिको नाममा गरि दिएको समकक्षता निर्धारण)/ नाबालक परिचयपत्र,
१० आमाको ना.प्र.प्र.मा पतिको नाम समावेश नभएको हकमा वुवा र आमा विचको विवाहदर्ता प्रमाण-पत्रको प्रतिलिपि
११ बुवा/आमाको मृत्यु भएको हकमा मृत्यु दर्ता प्रमाण-पत्रको सक्कल र सो को प्रतिलिपि ।
१२ २०६३ सालको टोलीमा नाबालक दर्ता गराएको भए सो को निस्सा,

2080/03/07
(नवराज सापकोटा)
प्रमुख जिल्ला अधिकारी
प्रमुख जिल्ला अधिकारी